### हाल कायम भएका फिचरहरु

- पासवर्ड रिसेट गर्ने व्यवस्था
- Excel बाट सोभै सदस्य र मासिक प्रतिवेदन दाखिला गर्ने व्यवस्था
- सिष्टमबाटै विनियम संसोधनका निम्ति पठाउन सक्ने व्यवस्था
- प्रविष्ट गरिएको विवरण भलक देखिने ड्यास्बोर्डको व्यवस्था
- संघहरुले प्रयोग गर्ने छुट्टै लगइनको व्यवस्था
- फाइल अपलोड गर्दा Document हरुको साइज निर्धारण Parameter Setup र Bulk Upload गर्न मिल्ने व्यवस्था ।

### थप तथा परिमार्जन हुँदै रहेका फिचरहरु

कार्यलाइं आवश्यकता अनुसार सहज वनाउने र नागरिक एप जस्ता राष्ट्रिय कार्यक्रमहरुमा सहकारीको तथ्यांक आवद्ध गराउन सकिने वनाउने

- (सदस्य केन्द्रीयता सूचकांक) Member Centric Indicator (MCI), PEARLS लगायत Indicator हरुको प्रतिवेदन हेर्ने व्यवस्था
- नोटिफिकेशन सम्वन्धी व्यवस्था
- कर्जा सूचना केन्द्र संचालन सम्वन्धी आवश्यक प्रवन्ध गरी कुनै संघसंस्थावाट निश्चित रकम कर्जा प्रवाह वा वचत भएको सूचना यस प्रणालीमा आवद्ध गरी कुनै ऋणीलाइं कर्जा प्रवाह गर्नु अघि सम्वन्धित संस्थाले ऋणीको अवस्था Verify गर्न सक्ने वनाउने
- सम्पत्ती शुद्धीकरणसंग सम्वन्धित शंकास्पद कारोवार प्रतिवेदन SuspiciousTransaction Report (STR) र सीमा कारोवार प्रतिवेदन Threshold Transaction Report (TTR) जस्ता विवरणहरु ऐन, नियम, निर्देशिका वमोजिम गोपनियता कायम गरी कोपोमिसवाटै प्रविष्टि गर्ने र सो डाटा वित्तिय जानकारी इकाईले समेत हेर्न मिल्ने व्यवस्था
- सहकारी संघसंस्था मर्जर र विघटन जस्ता कार्यहरु ऐन, कार्यविधि वमोजिम हुने गरी प्रणालीमा व्यवस्था
- हाल सहकारी संघसंस्थाले प्रयोग गरिरहेका विभिन्न प्रकारका Software हरुमा एकरुपता कायम गराउने र डाटाहरुलाई कोपोमिस संग जोड्ने ।

## COPOMIS संचालनका लागि आवश्यक पूर्वाधार :

- फन्ट तथा प्रविष्टी: विवरण भर्नको लागि कम्प्युटरमा अक्षर नेपाली युनिकोड (Traditional वा Romanized) फन्टमा प्रविष्टि गर्नु पर्ने,
- अंकको प्रविष्टी: अंकहरुको प्रविष्टि अंग्रेजीमा (Roman) गर्नु पर्ने,
- इन्टरनेट सुविधा: यो सफ्वेयर प्रणाली संचालन गर्न कम्प्युटर संचालनमा न्यूनतम इन्टरनेट सुविधा 1 Mbps Bandwidth को हुनु आवश्यक पर्ने,
- **Hard Disk:** 500 GB वा सो भन्दा माथि हुनुपर्ने,
- **RAM:** 2 GB वा सो भन्दा माथि हुनुपर्ने,
- **Processor:** Core 2 Duo वा सो भन्दा माथि हुनुपर्ने,
- **Scanner:** JPEG, JPG, PNG, GIF Format मा स्क्यान हुनुपर्ने,
- **Operating System:** Windows अथवा सो संग मिल्ने भए हुने,
- **Web Browser:** Firefox, Google Chrome, Internet Explorer, Safari वा अरु कुनै भए हुने,
- **Image Editing Tool:** Ms Paint, Adobe Photoshop or Similar भए हुने ।

## COPOMIS संचालन विधि :

- कुनैपनि वेभब्राउजर मार्फत www.copomis.gov.np बाट लगिन गर्न सकिने,
- ७६१ नियामक निकायबाटै यो प्रणालीको संचालनका लागि User Name र Password प्राप्त गर्न सकिने,
- सहकारी संघसंस्थाहरुले आफ्नो नियमनकारी निकायबाट संस्थाको आधिकारिक इमेल ठेगाना खुलाई पत्र मार्फत User Name र Password लिनु पर्ने,
- सहकारी विभागबाट जारी गरिएको सदस्य पहिचान फारम (KYM) मा रहेको विवरणको अतिरिक्त [illegible] विवरण समेत प्रविष्टि गर्नुपर्ने,
- सहकारी संघसंस्थाहरुले आफ्नो आधारभुत विवरणहरु (मासिक प्रगति, साधारण सभाको निर्णय, समष्टिगत विवरण, सम्पत्ति शुद्धीकरण सम्वन्धी प्रतिवेदन, निर्वाचनको विवरण, सदस्यको विवरण आदि) र प्रणालीमा व्यवस्था भए वमोजिमका अन्य विवरण/अभिलेख प्रविष्टि गर्नुपर्ने ।

**थप जानकारीको लागि**


नेपाल सरकार
भूमि व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्रालय
**सहकारी विभाग**
नयाँ बानेश्वर, काठमाडौं
फोन नम्बर: ०१-४४६५२५१/४४६५२५२, ४४६५३६२
वेभसाइट : www.deoc.gov.np, कोपोमीस url: www.copomis.gov.np
इमेल : info@deoc.gov.np, sahakaribivag@gmail.com


सहकारी तथा गरिबी सम्वन्धी व्यवस्थापन सूचना प्रणाली

Co-operative and Poverty-related Management Information System (COPOMIS)

# संक्षिप्त परिचय

नेपाल सरकार
भूमि व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्रालय
**सहकारी विभाग**
नयाँ बानेश्वर, काठमाडौं

**COPOMIS**
Co-operative and Poverty-related Management Information System

## COPOMIS के हो :

- स्थानीय स्तरदेखि राष्ट्रिय स्तरसम्मका सहकारी संघसंस्थाहरुका आधारभुत तथ्याङ्कहरु इन्टरनेटमा आधारित एकीकृत विद्युतीय व्यवस्थापन सूचना प्रणाली मार्फत सरोकारवाला सम्बद्ध निकायले प्राप्त गर्न, विश्लेषण गर्न र प्रयोग गर्न मिल्ने गरी निर्माण गरिएको सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (Co-operative and Poverty-related Management Information System) लाई COPOMIS भनिन्छ।
- COPOMIS एक Web Based Software अर्थात Web Browser मार्फत चलाउने Software हो।
- सबै नियामक निकायहरु र सहकारी संघसंस्थाहरुको लागि नेपाल सरकारले लागु गरेको एक औपचारिक, स्वचालित र आधुनिक सूचना तथा संचार प्रविधि (ICT) मा आधारित एकीकृत व्यवस्थापन सूचना प्रणाली हो।
- प्रणालीमा व्यवस्था भए बमोजिमका फिचरहरु प्रयोगगरी सहकारी संघसंस्थाहरुले जुनसुकै समयमा आफ्ना विवरणहरु प्रविष्टि गर्न, प्रतिवेदनहरु गर्न र सूचनाहरु प्राप्त गर्न सक्नेछन्।
- संघ, प्रदेश र स्थानीय तहका नियामक निकायहरुले सहकारी संघसंस्थाले पठाएका प्रतिवेदनहरु प्राप्त गर्न, परिपत्र र निर्देशन जारी गर्न सक्नेछन्।

## COPOMIS किन :

- सहकारी क्षेत्रको सूचना, तथ्याकंहरुलाई नियमित, तथ्यपरक, विश्वसनीय र भरपर्दो वनाई प्रणालीगत सूचनामा आधारित अनुगमन, नियमन पद्धतीको विकास गर्न,
- सहकारी संघसंस्थाहरुको गठन, आर्थिक कारोवार, वित्तीय सूचना तथा सेवा प्राप्तिमा सरोकारवाला नियामक निकायको पहुँच अभिवृद्धि गर्न,
- सहकारी संघसंस्था र नियामक निकायवीच प्रभावकारी समन्वय स्थापित गर्न,
- सहकारी संघसंस्थाहरुको संचालन, व्यवस्थापन तथा कार्यक्षमतामा अभिवृद्धि गरी सहकारी संघ, संस्थाहरुको वित्तीय जोखिम न्यूनीकरण गर्न,
- विभिन्न तथ्यांक र प्रतिवेदनहरु विश्लेषण गरी नीति निर्माण तर्जुमामा सहजता प्रदान गर्न।

**COPOMIS**

Co-operative and Poverty-related Management Information System

## COPOMIS सम्बन्धी कानूनी व्यवस्था :

- सहकारी नियमावली, २०७५ को नियम ७२(२) बमोजिम बचत तथा ऋणको मुख्य कारोबार गर्ने सहकारी संस्थाले रु. पाँच करोड रुपैयाँ वा सोभन्दा बढी रकमको बचत दायित्व भए यो नियमावली प्रारम्भ भएको मितिले एक वर्ष भित्र र सो भन्दा घटी रकमको बचत दायित्व भए तीन वर्ष भित्र मन्त्रालयले स्वीकृत गरेको एकीकृत व्यवस्थापन सूचना प्रणालीमा आवद्ध भइसक्नुपर्ने व्यवस्था रहेको छ,
- सहकारी विभागले मिति २०७४/१०/१५ गते जारी गरेको सम्पत्ति शुद्धीकरण निवारण सम्बन्धी सहकारी संघसंस्थाहरुलाई जारी गरिएको निर्देशन, २०७४ को बुँदा नं. २९(१) मा रु. ५ करोड वा सो भन्दा बढी रकमको जायजेथा भएको संस्थाले एक वर्षभित्र र अन्य संस्थाले तीन वर्षभित्र मन्त्रालयले स्वीकृत गरेको एकीकृत व्यवस्थापन सूचना प्रणालीमा आवद्ध भई सक्नुपर्नेछ भन्ने व्यवस्था उल्लेख भएको छ।
- सहकारी तथा गरिवी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली सञ्चालन कार्यविधि, २०७७ ले प्रयोगकर्ताहरुको भूमिकालाई व्यवस्थित गरेको छ।

## COPOMIS संचालनका महत्व/फाइदा :

- सहकारी संघसंस्थाले नियामक निकायमा पेश गर्दै आएका प्रतिवेदनहरु COPOMIS मार्फत सहज रुपमा पेश गर्न सक्ने (निवेदन, वार्षिक प्रतिवेदन, साधारण सभाका निर्णय आदि),
- सहकारी संघसंस्थाले अनिवार्य राख्नु पर्ने अभिलेखहरु राख्न सक्ने,
- सहकारी संघसंस्थाहरुले आफ्ना सदस्यहरुको जानकारी प्राप्त गर्न सक्ने,
- संघले आफु मातहतका प्रारम्भिक सहकारी संस्थाहरुको विवरण/जानकारी प्राप्त गर्न सक्ने,
- नियामक निकायले सूचना, परिपत्र, निर्देशन लगायतका सवै विवरणहरु यसै प्रणाली मार्फत संघसंस्थालाई जारी गर्न सक्ने। नियामक निकायवाट संघसंस्थाले सूचना, परिपत्र, निर्देशन प्राप्त गरी प्रतिवेदन समेत गर्न सक्ने,
- नियामक निकायलाई सहकारी संघसंस्थाको तथ्यांक राख्न, नियमन, प्रवर्द्धन गर्न र तालिम प्रदान गर्न आवश्यक तथ्यांक प्राप्त हुने,
- नियमनकारी निकायलाई नियमन गर्ने कार्यमा एकरूपता कायम हुने,

# COPOMIS

Co-operative and Poverty-related Management Information System

- COPOMIS एउटा एकीकृत सूचना प्रणाली भएकोले प्रदेश तथा स्थानीय सरकारलाई सहकारीका तथ्यांक र सूचना राख्न छुट्टै र नयाँ सफ्टवेयर वनाउन, खरिद गर्न वा मर्मत संभार गरी रहन नपर्ने (समय, साधनश्रोत र श्रमको वचत हुने),
- COPOMIS वाट प्राप्त तथ्यांकको आधारमा तीन तहको सरकारलाई नीति निर्माणमा सूचना तथा तथ्यांक प्राप्त हुने,
- तथ्यांक नेपाल सरकारको डाटा सेन्टर GIDC (Government Integrated Data Center) को Cloud मा रहने हुनाले सुरक्षाको सम्पूर्ण प्रत्याभुति हुने,
- सहकारी क्षेत्रको एकीकृत तथ्यांक तयार हुने।

## COPOMIS का प्रयोगकर्ता

- भूमि व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्रालय
- सहकारी विभाग
- सातवटै प्रदेश सरकार
- सवै स्थानीय तह
- सहकारी संघहरु (सदस्य संघसंस्थाको आधारभूत विवरणमात्र हेर्न पाउने),
- सवै प्रारम्भिक सहकारी संस्थाहरु

## COPOMIS मा हाल भएका फिचरहरु र भविश्यमा थप गरिने फिचरहरु

| हाल कायम भएका फिचरहरु | थप तथा परिमार्जन हुदै रहेका फिचरहरु |
|---|---|
| • सदस्य विवरण (Know Your Member)<br>• मासिक वित्तिय प्रतिवेदन<br>• सम्पत्ति शुद्दीकरण सम्बन्धी विवरण<br>• सहकारीको समष्टिगत जानकारी राख्ने व्यवस्था | • नयाँ संघसंस्था दर्ता सम्बन्धी कार्य सिष्टमवाटै गरिने व्यवस्था<br>• उत्पादन संग जोडिएका सहकारीहरुको विवरणहरु समेत प्रविष्टी गर्ने व्यवस्था<br>• संस्थागत सदस्य सम्बन्धी विवरण प्रविष्टीको व्यवस्था<br>• सहकारी विभाग र अन्य अनुसन्धानकारी निकायलाई आवश्यक परेका वखत सहकारी सम्वद्ध सूचना प्राप्त गर्न सक्ने गरी डाटा Exchange |